नेपाल सरकार
गृह मन्त्रालय
**प्रहरी प्रधान कार्यालय**
**(मानवश्रोत एवं प्रशासन विभाग, भर्ना छनौट महाशाखा)**
नक्साल, काठमाडौं ।

# नयाँ भर्ना सम्बन्धी सूचना !!!

**प्रथम पटक प्रकाशित मिति: २०७८/०६/२२ गते ।**

नेपाल प्रहरीमा **जनपद** समूह तर्फ **प्रहरी सहायक निरीक्षक** र **प्राविधिक** समूह अन्तर्गत विभिन्न उपसमूह तर्फ रिक्त **प्राविधिक प्रहरी जवान** पदहरुमा खुला प्रतियोगिताद्वारा समावेशी प्रावधान बमोजिम पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरीकहरुबाट रु.१०।- को टिकट टाँसी (स्वयम् उपस्थित भई) दरखास्त आव्हान गरीन्छ ।

**१. आवश्यक माग पद संख्या :-**

- **प्रहरी सहायक निरीक्षक (जनपद)**

| क्र. सं. | विज्ञापन नं. | पद | खुला | अमर/अशक्त प्रहरी परिवार | समावेशी समूह | | | | | जम्मा माग संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | आ./ज. | मधेसी | दलित | पि.क्षे. | |
| १. | ३४ (०७८/७९) | प्रहरी सहायक निरीक्षक (जनपद) | १९७ | ८ | ३३ | ५३ | ४६ | २३ | ७ | **३६७** |

- **प्रहरी जवान (प्राविधिक)**

| क्र. सं. | विज्ञापन नं. | कार्यालय | उपसमूह | खुला | अमर/अशक्त प्रहरी परिवार | समावेशी समूह | | | | | जम्मा माग संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | आ./ज. | मधेसी | दलित | पि.क्षे. | |
| १. | ३५ (०७८/७९) | सूचना प्रविधि निर्देशनालय | इन्जिनियरिङ | १२ | - | ३ | ३ | ३ | २ | - | **२३** |
| २. | ३६ (०७८/७९) | भौतिक पूर्वाधार निर्देशनालय | इन्जिनियरिङ | २० | १ | ४ | ६ | ५ | २ | - | **३८** |
| ३. | ३७ (०७८/७९) | सवारी महाशाखा | इन्जिनियरिङ | २७ | १ | ४ | ९ | ६ | ३ | १ | **५१** |
| ४. | ३८ (०७८/७९) | केनाईन महाशाखा | केनाईन (डग हेण्डलर) | ९ | - | २ | ३ | २ | १ | - | **१७** |
| ५. | ३९ (०७८/७९) | केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला | विधि विज्ञान | ३ | - | - | १ | १ | - | - | **५** |
| ६. | ४० (०७८/७९) | नेपाल प्रहरी संगीत विद्यालय | संगीत | २८ | १ | ५ | ८ | ६ | ४ | - | **५२** |
| ७. | ४१ (०७८/७९) | संचार निर्देशनालय | इन्जिनियरिङ | १२३ | ५ | २० | ३३ | २७ | १६ | ४ | **२२८** |

**२. दरखास्त फाराम दर्ता मिति :-** २०७८/०७/०३ गतेदेखि २०७८/०८/१२ गतेसम्म, समय विहान १०:०० बजेदेखि कार्यालय समय सम्म, (सार्वजनिक विदाको दिन बाहेक)।

**३. दरखास्त फाराम पाइने र बुझाउने स्थानहरू :-**

| क्र.सं. | पद | कार्यालय | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | प्रहरी सहायक निरीक्षक (जनपद) | १ नं. प्रदेश प्रहरी तालिम केन्द्र, **विराटनगर, मोरङ**। | ९८५२०९०१८० |
| | | २ नं. प्रदेश प्रहरी तालिम केन्द्र, जनकपुर (हाल सम्पर्क कार्याल: **राजविराज, सप्तरी**)। | ९८५४०९०६०० |
| | | बागमती प्रदेश प्रहरी तालिम केन्द्र, **दुधौली, सिन्धुली**। | ९८५४०४१७८९ |
| | | गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र, **पोखरा, कास्की**। | ९८५६०६८१२१ |
| | | लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्र, **बुटवल, रूपन्देही**। | ९८५७०९०४४४ |
| | | कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र, सुर्खेत **(हाल नेपालगंज, बाँके)**। | ९८५८०९०११५ |
| | | सुदूरपश्चिम प्रदेश प्रहरी तालिम केन्द्र, **दिपायल, डोटी**। | ९८५८४९००८४ |
| | | महानगरीय प्रहरी शिक्षालय, **महाराजगंज, काठमाण्डौ**। | ९८५१२३३५१२ |

| क्र.सं. | पद | कार्यालय | सम्पर्क नम्बर |
|---|---|---|---|
| २. | प्रहरी जवान (प्राविधिक) | प्रदेश प्रहरी तालिम केन्द्र, **(सबै)**। | सम्बन्धित प्रदेश प्र.ता.के.हरू |
| | | महानगरीय प्रहरी परिसर, **काठमाण्डौ**। | ९८५१२८३०१२ |
| | | महानगरीय प्रहरी परिसर, **भक्तपुर**। | ९८५१२८३०२० |
| | | महानगरीय प्रहरी परिसर, **ललितपुर**। | ९८५१२९४५५५ |
| | | जिल्ला प्रहरी कार्यालय, **(सबै)**। | सम्बन्धित जि.प्र.का.हरू |

### ४. दरखास्त राजश्व (दस्तुर) :-

| क्र.सं. | पद | राजश्व (दस्तुर) |
|---|---|---|
| १. | प्रहरी सहायक निरीक्षक (जनपद) | दरखास्त फारामसाथ राजश्व दस्तुर बापत रु.३०० (तीन सय) बुझाउनु पर्नेछ। साथै एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि २० प्रतिशत (रु.६०) का दरले थप दस्तुर लाग्नेछ। |
| २. | प्रहरी जवान (प्राविधिक) | दरखास्त फारामसाथ राजश्व दस्तुर बापत रु.१५० (एक सय पचास) बुझाउनु पर्नेछ। साथै एक भन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि २० प्रतिशत (रु.३०) का दरले थप दस्तुर लाग्नेछ। |

### ५. उमेर हद :-

| क्र.सं. | पद | उमेरको हद |
|---|---|---|
| १. | प्रहरी सहायक निरीक्षक (जनपद) | • दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई २४ वर्ष ननाघेको, तर खुला प्रतियोगितामा भाग लिने प्रहरी सेवाको राजपत्र अनङ्कित प्रहरी कर्मचारीको हकमा ३५ वर्ष ननाघेको र प्रहरी जवान आधारभूत तालिम गरेको प्रमाण पत्र पेश गर्नु पर्नेछ।<br>• बहालवाला श्रेणी विहीन प्रहरी कर्मचारीको हकमा प्रहरी नियमावली, २०७१ (संशोधन सहित) को नियम ४० बमोजिम २५ वर्ष ननाघेको हुनु पर्नेछ। |
| २. | प्रहरी जवान (प्राविधिक) | दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई २३ वर्ष ननाघेको। तर बहालवाला श्रेणी विहीन प्रहरी कर्मचारीको हकमा प्रहरी नियमावली, २०७१ (संशोधन सहित) को नियम ४० बमोजिम २५ वर्ष ननाघेको हुनु पर्नेछ। |

### ६. आवश्यक न्यूनतम योग्यता :-

| पद | आवश्यक न्यूनतम योग्यता |
|---|---|
| प्रहरी सहायक निरीक्षक (जनपद) | १. शैक्षिक योग्यता: मान्यता प्राप्त विश्वविद्यालयबाट प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको।<br>२. मानव अधिकार र मानवीय कानुनको उल्लङ्घनमा सजाय नपाएको,<br>३. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,<br>४. राजनैतिक दलको सदस्य नरहेको,<br>५. आतङ्ककारी संगठनको सदस्य नरहेको,<br>६. उचाई, छाती र तौलः<br>(क) **पुरुष-** उचाई घटीमा ५ फिट २ ईन्च, छाती ३१-३३, तौल ५० के.जी.<br>(ख) **महिला-** उचाई घटीमा ५ फिट, तौल कम्तीमा ४२ के.जी<br>७. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,<br>८. प्रहरी प्रधान कार्यालयबाट तोकिएको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको (परीक्षा सञ्चालनको क्रममा हुने),<br>९. नेपाली नागरीक। |
| **सूचना प्रविधि निर्देशनालय तर्फ** | |
| प्राविधिक प्रहरी जवान (कम्प्युटर) | १. मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE वा सो सरह उत्तीर्ण गरेको तथा मान्यता प्राप्त तालिम संस्थाबाट कम्तिमा १ (एक) महिनाको सूचना प्रविधि विषयको तालिम सीप प्रमाण पत्र प्राप्त गरेको।<br>२. भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको।<br>३. जनपद समूह तर्फको प्रहरी सहायक निरीक्षक पदको लागि तोकिए बमोजिम क्र.सं. (३) देखि (९) सम्मको अन्य योग्यताहरु पुरा भएको। |
| **भौतिक पूर्वाधार निर्देशनालय तर्फ** | |
| प्राविधिक प्रहरी जवान | १. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ८ (आठ) कक्षा वा सो सरह उत्तीर्ण गरी प्राविधिक शिक्षा तथा |

| पद | आवश्यक न्यूनतम योग्यता |
| --- | --- |
| | व्यवसायीक तालिम परिषद वा सो सरहको संस्थाबाट सम्बन्धित बिषय (सिकर्मी, डकर्मी, पेन्टर, बिजुली, प्लम्बर र नकर्मी) मा सीप प्रमाण पत्र प्राप्त गरेको ।<br>२. भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।<br>३. जनपद समूह तर्फको प्रहरी सहायक निरीक्षक पदको लागि तोकिए बमोजिम क्र.सं. (३) देखि (९) सम्मको अन्य योग्यताहरु पुरा भएको । |
| **सवारी महाशाखा तर्फ** | |
| प्राविधिक प्रहरी जवान | १. मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE वा सो सरह उत्तीर्ण गरेको ।<br>२. भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।<br>३. जनपद समूह तर्फको प्रहरी सहायक निरीक्षक पदको लागि तोकिए बमोजिम क्र.सं. (३) देखि (९) सम्मको अन्य योग्यताहरु पुरा भएको । |
| **केनाईन महाशाखा तर्फ** | |
| प्राविधिक प्रहरी जवान<br>(डग हेण्डलर) | १. मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE वा सो सरह उत्तीर्ण गरेको ।<br>२. भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।<br>३. जनपद समूह तर्फको प्रहरी सहायक निरीक्षक पदको लागि तोकिए बमोजिम क्र.सं. (३) देखि (९) सम्मको अन्य योग्यताहरु पुरा भएको । |
| **केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला तर्फ** | |
| प्राविधिक प्रहरी जवान | १. मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE वा सो सरह उत्तीर्ण गरेको ।<br>२. भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।<br>३. जनपद समूह तर्फको प्रहरी सहायक निरीक्षक पदको लागि तोकिए बमोजिम क्र.सं. (३) देखि (९) सम्मको अन्य योग्यताहरु पुरा भएको । |
| **नेपाल प्रहरी संगीत विद्यालय तर्फ** | |
| प्राविधिक प्रहरी जवान | १. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ८ (आठ) कक्षा वा सो सरह उत्तीर्ण गरेको ।<br>२. भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।<br>३. जनपद समूह तर्फको प्रहरी सहायक निरीक्षक पदको लागि तोकिए बमोजिम क्र.सं. (३) देखि (९) सम्मको अन्य योग्यताहरु पुरा भएको । |
| **संचार निर्देशनालय तर्फ** | |
| प्राविधिक प्रहरी जवान | १. मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE वा सो सरह उत्तीर्ण गरेको ।<br>२. भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।<br>३. जनपद समूह तर्फको प्रहरी सहायक निरीक्षक पदको लागि तोकिए बमोजिम क्र.सं. (३) देखि (९) सम्मको अन्य योग्यताहरु पुरा भएको । |

**७. दरखास्त साथ समावेश गर्नुपर्ने कागजातहरु :-**

(क) नेपाली नागरीकताको प्रमाण पत्रको प्रतिलिपि १ (एक) प्रति ।

(ख) हालसालै खिचेको पुरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने एकै किसिमको पासपोर्ट साइजको फोटो (पुरुषको हकमा दाह्री र कपाल काटेको) ५ (पाँच) प्रति ।

(ग) आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि १/१ (एक/एक) प्रति (प्रत्येक तहको चारित्रिक, स्थायी वा प्रोभिजनल प्रमाणपत्र र मार्कशिट सहित तथा नेपाल बाहिर अध्ययन गरेको हकमा उच्च माध्यमिक शिक्षा परिषद/त्रि.वि.वि.बाट समकक्षता निर्धारणको प्रमाण पत्र (Equivalent Certificate) ।

(घ) **अमर/अशक्त प्रहरी परिवारको** लागि अमर/अशक्त भएको कुरा पुष्टि हुने कागजपत्र र नाता प्रमाणित कागजपत्र ।

(ङ) **आदिवासी/जनजातिका** हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराएको कागजात ।

(च) **मधेसीका** लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनि प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनि प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपि-१ (एक) प्रति ।

(छ) **दलितका** हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराएको कागजात।

(ज) **पिछडिएको क्षेत्रका** लागि (**अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला**) जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाट नै नागरीकताको प्रमाण पत्र प्राप्त गरेको तथा सम्बन्धित गाँउपालिका वा नगरपालिकाबाट दरखास्त पेश गर्दाका वखतसम्म सोही स्थानमा स्थायी बसोवास भएको भन्ने सिफारिस गरीएको। स्थायी बसोवास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरीकता लिएको भएमा नागरीकता जारी भएको जिल्ला प्रशासन कार्यालयबाट सो गर्नु परेको कारण उल्लेख भएको पत्र लिएको हुनु पर्नेछ।

(झ) दरखास्त फारामसँग संलग्न गरी पेश गर्ने कागजातहरुको प्रतिलिपिको पछाडि पट्टि '**सक्कल बमोजिम नक्कल ठिक छ**' भनि उम्मेदवार स्वयमले अनिवार्य रुपमा दस्तखत गर्नु पर्नेछ।

## ८. परीक्षा विधि :-

- प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरूस्ती परीक्षा,
- विस्तृत स्वास्थ्य परीक्षण,
- लिखित परीक्षा (**लोक सेवा आयोगबाट सञ्चालन हुने हुँदा आयोगद्वारा तोकेको परीक्षा केन्द्रहरुमा सञ्चालन हुने**),
  - ❖ वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको गलत उत्तर बापत २०% अंक कट्टा गरीने व्यहोरा जानकारी गराईन्छ।
  - ❖ वस्तुगत बहुउत्तर प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital Letter) मा A,B,C,D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ।
- प्रयोगात्मक परीक्षा (सूचना प्रविधि र भौतिक पूर्वाधार निर्देशनालय तर्फको प्रा.प्र.ज.पदको मात्र हुने),
- विशेष स्वास्थ्य परीक्षण परीक्षा (प्र.स.नि.पदको मात्र हुने),
- सक्षमता परीक्षण र अन्तरवार्ता (सक्षमता परीक्षण प्र.स.नि.पदको मात्र हुने)।

## ९. परीक्षा संचालन हुने स्थान :-

➢ **प्रहरी सहायक निरीक्षक (जनपद)**

- प्रदेश प्रहरी तालिम केन्द्र/महानगरीय प्रहरी शिक्षालयमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको हकमा सोही तालिम केन्द्र/शिक्षालयमा प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरुस्ती परीक्षा र विस्तृत स्वास्थ्य परीक्षण संचालन हुने।
- विशेष स्वास्थ्य परीक्षण नेपाल प्रहरी अस्पताल, महाराजगंज काठमाण्डौमा र सक्षमता परीक्षण तथा अन्तरवार्ता परीक्षा प्रहरी प्रधान कार्यालय, नक्साल काठमाण्डौमा संचालन हुने।

➢ **प्रहरी जवान (प्राविधिक)**

| क्र.सं. | दरखास्त फाराम वितरण तथा दर्ता केन्द्र | परीक्षा संचालन हुने स्थान |
|---|---|---|
| १. | प्रदेश प्रहरी तालिम केन्द्र विराटनगर, जि.प्र.का.ईलाम, झापा, पाँचथर, ताप्लेजुङ, भोजपुर, धनकुटा, मोरङ, संखुवासभा, सुनसरी, तेह्रथुम, खोटाङ, ओखलढुंगा, सोलुखुम्बु र उदयपुरमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको। | १ नं.प्रदेश प्रहरी तालिम केन्द्र, **विराटनगर, मोरङ**। |
| २. | प्रदेश प्रहरी तालिम केन्द्र जनकपुर (हाल राजविराज), जि.प्र.का.सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको। | २ नं. प्रदेश प्रहरी तालिम केन्द्र, जनकपुर (हाल सम्पर्क कार्यालय: **राजविराज, सप्तरी**) |
| ३. | प्रदेश प्रहरी तालिम केन्द्र दुधौली, जि.प्र.का.दोलखा, रामेछाप, सिन्धुली, चितवन र मकवानपुरमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको। | बागमती प्रदेश प्रहरी तालिम केन्द्र, **दुधौली, सिन्धुली**। |
| ४. | प्रदेश प्रहरी तालिम केन्द्र पोखरा, जि.प्र.का.गोरखा, लम्जुङ्ग, तनहुँ, कास्की, मनाङ, मुस्ताङ, पर्वत, स्याङजा, म्याग्दी र बाग्लुङ्गमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको। | गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र, **पोखरा, कास्की।** |
| ५. | प्रदेश प्रहरी तालिम केन्द्र बुटवल, जि.प्र.का.नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रोल्पा, प्यूठान र दाङमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको। | लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्र, **बुटवल, रूपन्देही**। |
| ६. | प्रदेश प्रहरी तालिम केन्द्र सुर्खेत (हाल नेपालगंज), जि.प्र.का.रुकुम (पूर्व), रुकुम (पश्चिम), बाँके, बर्दिया, सल्यान, डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट, जाजरकोट दैलेख र सुर्खेतमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको। | कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र, सुर्खेत (हाल **नेपालगंज, बाँके**)। |

| क्र. सं. | दरखास्त फाराम वितरण तथा दर्ता केन्द्र | परीक्षा संचालन हुने स्थान |
|---|---|---|
| ७. | प्रदेश प्रहरी तालिम केन्द्र दिपायल, जि.प्र.का.बाजुरा, बझाङ, डोटी, अछाम, दार्चुला, बैतडी, डडेलधुरा, कञ्चनपुर र कैलालीमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको। | सुदूरपश्चिम प्रदेश प्रहरी तालिम केन्द्र, **दिपायल, डोटी**। |
| ८. | म.न.प्र.परिसर काठमाण्डौ, भक्तपुर, ललितपुर साथै जि.प्र.का.काभ्रे, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट र धादिङमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको। | महानगरीय प्रहरी शिक्षालय, **महाराजगंज, काठमाण्डौ**। |

**१०. सम्पर्क मिति तथा स्थान :-**

| पद | सम्पर्क मिति |
|---|---|
| प्रहरी सहायक निरीक्षक (जनपद) | मिति २०७८/०८/२२ गते विहान ११:०० बजे, दरखास्त फाराम दर्ता गर्ने सम्बन्धित प्रहरी कार्यालयहरु। |
| प्रहरी जवान (प्राविधिक) | मिति २०७८/०८/२६ गते विहान ११:०० बजे, दरखास्त फाराम दर्ता गर्ने सम्बन्धित प्रहरी कार्यालयहरु। |

**पुनश्चः**

१. हरेक चरणको परीक्षा समाप्ती पश्चात् नतिजा प्रकाशन गरीनेछ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराइनेछ।

२. परीक्षा संचालन गर्दा खुला तथा समावेशी तर्फको एउटै परीक्षा संचालन गरीनेछ र निजहरुले प्राप्त गरेको अंकको आधारमा समावेशी तर्फका उम्मेदवारहरु बिच मात्र छुट्टा-छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरीनेछ।

३. दरखास्त पेश गर्दा सक्कल प्रमाणपत्रहरु साथमा लिई उम्मेदवार स्वयम् उपस्थित हुनु पर्नेछ।

४. प्रहरी नियमावली, २०७१ (संशोधन सहित) को नियम १३ को उपनियम (५) बमोजिम पदपूर्ति समितिबाट विज्ञापन प्रकाशन भएपछि दरबन्दी थप वा खाली भई पद रिक्त भएमा लिखित परीक्षाको नतिजा प्रकाशन हुनु भन्दा अगाडि सो पदपूर्ति समितिले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी सोही विज्ञापनमा सो संख्या समेत थप गर्न सक्नेछ।

५. यस विज्ञापन सम्बन्धी सूचना तथा विभिन्न चरणमा लिइने परीक्षाहरुको पाठ्यक्रम नेपाल प्रहरीको वेभसाईट:*www.nepalpolice.gov.np* मा समेत हेर्न सकिनेछ र दरखास्त फाराम सोही वेभसाइटबाट डाउनलोड गरी आवश्यक कागजातहरु संलग्न राखि तोकिएको कार्यालयमा पेश गर्न सकिने छ।

**मितिः- २०७८/०६/२२ गते।**

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय, नक्साल

**प्रहरी प्रधान कार्यालय**
**मानवश्रोत एवं प्रशासन विभाग**
**भर्ना छनौट महाशाखा**
**नक्साल, काठमाण्डौ।**